प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सेवा सुविधा तथा सम्पत्ती व्यवस्थापन ईकाई
कोशी प्रदेश, विराटनगर

प.सं. :- ०८१/८२
च.नं. :- ४५८९

मिति :- वि.सं. २०८२/०३/१२

**विषयः सम्पत्ति विवरण भरी/भराई अनलाईन प्रविष्टी गरी पठाउने सम्वन्धमा ।**

श्री स्थानीय तह (सबै)
कोशी प्रदेश।

प्रस्तुत विषयमा यस प्रदेशभित्रको स्थानीय तहमा बहाल रही सार्वजनिक पदधारण गरेका पदाधिकारी, कर्मचारी, स्वास्थ्यकर्मी, शिक्षकले आफ्नो सम्पत्ति विवरण आफू बहालरहेको स्थानीय तहमा आ.व. २०८१/८२ समाप्त भएको मितिले ६० दिनभित्र तथा नयाँ नियुक्त सार्वजनिक पदाधिकारीले पदधारण गरेको मितिले ६० दिनभित्र राष्ट्रिय सतर्कता केन्द्रको पोर्टलमा अनलाईन प्रविष्टी गरी ३० दिनभित्र यस मन्त्रालयमा आइपुग्ने गरी पठाउनुहुन आदेशानुसार अनुरोध छ । साथै राष्ट्रिय किताबखाना (निजामती) वाट मिति २०८२।३।१० मा प्रकाशित सुचनामा उल्लेखित सम्पुर्ण बुँदाहरुलाइ पालना गरि एकै प्रकृतिको खाम प्रयोग गर्न लगाउनु हुन खामको ढाँचा र राष्ट्रिय किताबखाना (निजामती) को सुचना समेत यसै पत्र साथ संलग्न राखि पठाइएको व्यहोरा अनुरोध छ ।

(दिपक दाहाल)
अधिकृतस्तर आठौं

फोन नं. ०२१-४७५१६६, ४७५१८९, ईमेल : info.ocmcm@p1.gov.np

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
राष्ट्रिय किताबखाना (निजामती)
हरिहरभवन, ललितपुर

उप-महानिर्देशक

# आ.व. २०८१/८२ को सम्पत्ति विवरण बुझाउने सम्बन्धी अत्यन्त जरुरी सूचना

सूचना प्रकाशित मिति २०८२/०३/१०

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१क को उपदफा (१) र निजामती सेवा नियमावली, २०५० को नियम ११८(१) बमोजिम प्रत्येक निजामती कर्मचारी र आ.व.२०८१।८२ मा सेवा निवृत्त भएका कर्मचारीले समेत आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र आफ्नो सम्पत्ति विवरण सम्बन्धित कार्यालय मार्फत राष्ट्रिय किताबखाना (निजामती) मा दर्ता गर्नुपर्ने र सम्पत्ति विवरण बुझाउने दायित्व सम्बन्धित कर्मचारीको हुनेछ भन्ने व्यवस्था भएकोले कानूनले तोकेको समय सिमाभित्र सम्पत्ति विवरण बुझाउन सबै निजामती कर्मचारीलाई अनुरोध गरिन्छ ।

(१) नेपाल राजपत्र भाग ५ खण्ड ६० संख्या १ मिति २०६७ बैशाख ६ को नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना बमोजिम सम्पत्ति विवरण फाराम भरी ४x९ ईन्चको खाम बाहिर देहायको ढाँचामा विवरण उल्लेख गरी पठाउनु पर्नेछ ।

आ.व. २०८१/८२ को सम्पत्ति विवरण

| | |
|---|---|
| क. कर्मचारीको संकेत नम्बरः | ङ. श्रेणी/तहः |
| ख. नाम, थरः | च. कार्यरत कार्यालयः |
| ग. पद/दर्जाः | छ. मोबाइल नं. |
| घ. सेवा/समूहः | ज. ई-मेल ठेगानाः |

(२) सम्पत्ति विवरण बुझाउँदा नेपाल राजपत्र, खण्ड ६८, असार २०, २०७५ (अतिरिक्ताङ्क ११) भाग ५, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचनामा तोके बमोजिम तत् तत् निकायका पदाधिकारी/कर्मचारीहरूले सोही सूचनामा तोकेको तत् तत् निकायमा सम्पत्ति विवरण बुझाउनु पर्नेछ ।

(३) साबिकमा सरकारी सेवामा कार्यरत रही कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम संघ, प्रदेश र स्थानीय तहमा समायोजन भएका सरकारी कर्मचारीहरूले साबिक बमोजिम नै राष्ट्रिय किताबखाना (निजामती) मा नै सम्पत्ति विवरण बुझाउनु पर्नेछ ।

(४) लोक सेवा आयोगबाट आ.व. २०७५/७६ मा भएको विज्ञापन वा सो भन्दा पछि भएको विज्ञापन अनुसार सिफारिस भई स्थानीय तहहरूमा नियुक्ति भएका कर्मचारीहरूले स्थानीय तह मार्फत प्रदेश मूख्यमन्त्रीको कार्यालयमा सम्पत्ति विवरण बुझाउनु पर्नेछ ।

(५) कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश तथा स्थानीय तहमा समायोजन भएका अन्य सेवाका कर्मचारीहरूले- कर्मचारी संकेत नम्बर प्राप्त गरेका वा संकेत नम्बर प्राप्त नगरेको भएता पनि आफू कार्यरत कार्यालय मार्फत प्रदेश मूख्यमन्त्रीको कार्यालयमा सम्पत्ति विवरण बुझाउनु पर्नेछ ।

(६) बुँदा नं. २,४र५ बमोजिम जिल्ला समन्वय समिति, गाउँपालिका,, नगरपालिका, प्रदेश सरकारका मन्त्रालयहरूमा बुझाएका सम्पत्ति विवरणहरूको अभिलेख तत् तत् निकायले राखी सम्पत्ति विवरण बन्दी खामहरू ३० दिन भित्र प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरी सक्नुपर्ने र प्रदेश सरकारले संरक्षण एवं व्यवस्थापन गर्नुपर्ने छ भन्ने व्यवस्था बमोजिम सम्पत्ति विवरण संकलन र दर्ता गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(७) अध्ययन, असाधारण र अन्य बिदा, तालिम, काज वा निलम्बनमा रहेका कर्मचारीले समेत सार्वजनिक पद धारण गरेकै अवस्था हुने भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५०(१) बमोजिम आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र सम्पत्ति विवरण बुझाउनु पर्नेछ ।

(८) निजामती सेवा नियमावली, २०५० को नियम ११८(१) बमोजिम सम्पत्ति विवरण सम्बन्धित कार्यालय मार्फत निजामती किताबखानामा पेश गर्नु पर्नेछ भन्ने व्यवस्था भएकोले सम्पत्ति विवरण दर्ता गर्न व्यक्ति स्वयम् (व्यक्तिगत रुपमा) सम्पत्ति विवरण बुझाउन राष्ट्रिय किताबखाना (निजामती) जानु नपर्ने गरी आफू कार्यरत कार्यालयमा यथाशीघ्र बुझ्ने बुझाउने व्यवस्था गरी सम्बन्धित कार्यालयबाटै एकमुष्ट रुपमा २०८२ साल साउन १ गते देखि ऐ. साल भाद्र २९ गते भित्र नै अनिवार्य रूपमा राष्ट्रिय किताबखाना (निजामती) मा दर्ता हुने गरी छिटो माध्यमबाट पठाउनु पर्नेछ ।

(९) हुलाक वा अन्य माध्यम मार्फत् तोकिएको अवधिभित्र राष्ट्रिय किताबखाना (निजामती) मा प्राप्त भएको सम्पत्ति विवरणहरू PIS मा प्रविष्टि गरी अभिलेख राखिनेछ । तर तोकिएको ६० दिन पछि प्राप्त भएको सम्पत्ति विवरणलाई प्राप्त नभए सरह मानी अभिलेख राखिने छैन र तोकिएको म्यादभित्र सम्पत्ति विवरण पेश नगर्ने राष्ट्रसेवकलाई दश हजार जरिवाना हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

नोटः- सूचनाको बुँदा नं.२ बमोजिमको राजपत्र यसै विभागको website मा upload गरिएकोले हेर्न र पढ्न सकिनेछ ।

सार्वजनिक पद धारण गरेका व्यक्ति वा राष्ट्रसेवकले सम्पत्ति विवरणको

खामको बाहिर लेख्ने विवरण

आ.व ...................... को सम्पति विवरणः

कर्मचारीको संकेत नं.-
नाम थरः-
पद/दर्जाः-
सेवा/समूहः-
श्रेणी/तहः-
कार्यरत कार्यालयः-
मोबाईल नम्बरः-
ईमेल ठेगानाः-

---

स्थानीय तहका जनप्रतिनिधी/पदाधिकारीहरुले सम्पत्ति विवरणको

खामको बाहिर लेख्ने विवरण

आ.व ...................... को सम्पति विवरणः

नाम थरः-
प्रदेश नं.-
जिल्लाः-
स्थानीय तहको नामः
हालको पद/दर्जाः-
वडा नः-
मोबाईल नम्बरः-
ईमेल ठेगानाः